# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल


प.सं.: ०८०/८१

सुचना नं.: २३

मिति: २०८०/१०/१५

## तरकारी खेती प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/१०/१५)

यस लिखु गाउँपालिकाको आ.व २०८०/०८१ को वार्षिक स्वीकृत सशर्त कार्यक्रम अनुसार ५०% अनुदान साझेदारीमा "तरकारी खेती प्रवर्द्धन कार्यक्रम" सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा यस पालिका सम्पुर्ण वडाका तपशिल बमोजिमका शर्त हरु पुरा हुने लक्षित वर्गहरुबाट दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशन भएको मितिले १५ दिन (**२०८०/१०/२९ गते**) भित्र कृषि तथा सहकारी शाखामा तपशिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव पेश गर्नु पर्ने छ। यस सम्बन्धी थप जानकारीका लागि वेबसाईट https://likhumunokhaldhunga.gov.np/news-notices "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०" वा फोन नं. ९८४४८१७५२३ मा सम्पर्क गर्न सक्नुहनेछ।

**तपशिल:**

१.शर्तहरु: न्युनतम ३ रोपनी जग्गामा तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्नु पर्ने

२.लक्षित वर्गहरु: कृषक, कृषक समुह, कृषि सहकारी, निजी उद्यमी; एकल महिला, दलित बिपन्न र सिमान्तकृत बर्गलाइ प्राथमिकता दिइने।

**आवश्यक कागजात:**

१.संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि

२.कृषि व्यवसाय गर्ने अनुसुची २ अनुसारको प्रस्ताव (व्यवसायिक उत्पादनको हकमा)

३.निजी फर्मको हकमा गत आ.व को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपि

४.निजी फर्मको हकमा गत आ.व सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित स्थानीय तहको प्रमाण

५.न्युनतम जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि

६.प्रतिबद्धता पत्र

७.आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु

८.सम्बन्धित वडाको सिफारिस

२०८०/१०/१५

डा. रोशन पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत